## सिद्धिचरण नगरपालिकाले वडा कार्यालयलाई तोकिएको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी मार्गदर्शन र बजेट सिलिङः

### क) वार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरुः

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाले जारी गरेका नीति, कानून तथा मापदण्डहरु, स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४, संघीय, प्रादेशिक र नगरपालिकाको आवधिक योजना, स्थानीय स्रोत साधन, विकासका अन्तरसम्बन्धित विषयहरु, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जित दायित्वहरु, संघ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरू, जनप्रतिनिधिहरुले विभिन्न समयमा गरेका प्रतिवद्धताहरु आदि।

### ख) वार्षिक योजना तथा बजेटका प्राथमिकताहरुः

वडा कार्यालयले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनुपर्नेछः-

(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,
(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
(घ) स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,
(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,
(झ) भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,
(ञ) वडा कार्यालयले आवश्यक देखेका अन्य बिषयहरु।

### ग) आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरुः

१. आन्तरिक श्रोत, संघ र प्रदेशबाट विनियोजित बजेटमा दोहोरो नपर्ने गरी बजेटको सीमाभित्र रही कूल बजेट प्रस्ताव गर्नुपर्नेछ ।
२. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका गैरसरकारी संघ संस्था, उपभोक्ता समिति, सामुदायिक संस्थासँग समन्वय गरी दोहोरोपना नहुने गरी साझेदार संस्थाहरुसँगको साझेदारीमा बजेट निर्माण गर्नुपर्नेछ।
३. साझेदारीमा कार्य गर्ने गरी सम्झौता भईसकेका योजनाहरुलाई पुग्ने गरी रकम विनियोजन गर्ने।

न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

४. संघ र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रकृयासँग अनुकूल हुने गरी बजेट तथा कार्यक्रम तय गर्नुपर्नेछ ।

५. दिगो विकास, पर्यटन, बजार व्यवस्थापन, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापनका विषयहरुलाई समावेश गर्नुपर्नेछ ।

६. सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण र लक्षित वर्गको सशक्तिकरण गर्ने जस्ता विकासका अन्तरसम्बन्धित बिषयहरुलाई समावेश गर्नुपर्नेछ ।

७. समाजका सबै वर्ग, क्षेत्र र समुदायको अधिकतम सहभागिता सुनिश्चित गर्ने बिषयहरुलाई समेट्नु पर्नेछ।

८. कार्यक्रम प्रस्ताव गर्दा बढी भन्दा बढी जनसंख्या लाभान्वित हुने, आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकतामा अभिवृद्धि हुने विषयहरुलाई प्राथमिकतामा राखि बजेट विनियोजन गर्नुपर्नेछ।

९. जनताका माग र आवश्यकताको आधारमा योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्नेछ ।

१०. सम्भव भएसम्म आगामी आर्थिक वर्षमा पूरा हुने योजनाहरु प्रस्ताव गर्ने ।

११. नगरको विकास र समृद्धिको लागि मुख्य योगदान गर्ने विषयलाई ध्यान दिनुपर्नेछ ।

१२. सबै विकास साझेदार, सरकारी कार्यालय, पालिकासँगको अन्तर पालिका समन्वय हुने खालका योजनाहरु निर्माण गर्नुपर्नेछ ।

१३. सिद्धिचरण नगरपालिकालको आ.व. २०८०/०८१ मा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त सुझावहरुलाई मध्येनजर गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ।

१४. कार्यक्रम प्रस्ताव गर्दा अवण्डा बजेट प्रस्ताव नगरी विस्तृत क्रियाकलाप, भौतिक तथा वित्तीय लक्ष्य राख्ने। यसका साथै वार्षिक कार्ययोजना र खरिद योजना समेत समावेश गर्ने ।

१५. वडाले सञ्चालन गरेका अधुरा योजनाहरु सम्पन्न गर्नलाई प्राथमिकता दिई बजेट विनियोजन गर्ने।

१६. संघीय सरकार र प्रदेश सरकार समक्ष माग गर्ने योजनाहरु DPR भएका योजनालाई प्राथमिकतामा राखी पठाउनुपर्ने ।

१७. योजना तथा कार्यक्रम छनौट गर्दा स्पष्ट स्थान किटान गरी बजेट विनियोजन गर्ने र वितरणमुखी बजेटलाई प्राथमिकतामा नराखी उत्पादनमुलक योजनाहरु छनौट गर्ने। पूँजीगत योजनाहरु

छुट्याउँदा सकेसम्म साना टुक्रे योजनाहरुलाई नराखी प्रतिफल देखिने ठूला योजनालाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने ।

## घ) विषयगत क्षेत्र अनुसार ध्यान दिनुपर्ने कुराहरुः

(क) **आर्थिक विकासः** यस क्षेत्र अन्तर्गत कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, वित्तीय जस्ता क्षेत्र समावेश गर्ने ।

(ख) **सामाजिक विकासः** शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी, जनजाति, मधेशी, मुस्लिम अल्पसंख्यक आदिलाई समावेश गर्ने।

(ग) **पूर्वाधार विकासः** सडक तथा पुल (झोलङ्गे पुल समेत), सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार जस्ता क्षेत्र समावेश गर्ने ।

(घ) **वन, वातावरण तथा विपद् व्यवस्थापनः** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन जस्ता क्षेत्र समावेश गर्ने।

(ङ) **सुशासन तथा संस्थागत विकासः** मानव संसाधन विकास, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु फछ्र्यौट, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, नागरिक सन्तुष्टी सर्वेक्षण र अन्तरनिकाय समन्वय जस्ता क्षेत्र समावेश गर्ने ।

## ङ) वडा कार्यालयलाई तोकिएको बजेट सिलिङ र योजना तथा कार्यक्रम पेश गर्नुपर्ने समयसीमाः

वडा नं. १ देखि वडा नं. १२ सम्मका प्रत्येक वडालाई रु.३५,००,०००।- (अक्षेरेपी पैतिस लाख मात्र) बजेट सिलिङ तोकिएको हुँदा वडा कार्यालयले मार्गदर्शनको अधिनमा रही टोल भेला गराई वडा समितिको निर्णय सहित बजेट, योजना तथा कार्यक्रम तयार गरी मिति २०८२ असार ४ गतेभित्र यस कार्यालयमा Hard Copy and Soft Copy पेश गरिसक्नुपर्नेछ ।

Neupane
किसान न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत